# प्रेस विज्ञप्ती - १२५
# Press Release-125

लागू औषध नियन्त्रण ब्यूरो
Narcotics Control Bureau
कोटेश्वर, काठमाडौं

मितिः-२०७१/०६/३१ गते

## विभिन्न लागू औषध सहित विदेशी तथा स्वदेशी मानिस पक्राउ

(१) मिति २०७१/०६/२८ गते का.जि.किर्तिपुर न.पा.९ (तत्काल काठमाण्डौ जिल्ला विष्णुदेवी गा.वि.स.वडा नं.-४) घर भई हाल जि.ललितपुर ल.पु.उ.म.न.पा. वडा नं. १९ प्रयागपोखरी डेरा गरी बस्ने वर्ष ५२ को राजेन्द्र महर्जन-१, जिल्ला सुनसरी ईटहरी न.पा. ४ घर भई हाल ललितपुर ल.पु.उ.म.न.पा. वडा नं. १९ प्रयागपोखरी डेरा गरी वस्ने वर्ष ४२ की विद्या श्रेष्ठ-१ समेत २ जनालाई नियन्त्रित लागू औषध एम्पुलहरु डाईजेपाम (डाईजेल्याव) ६० पिस, वुप्रेनर्फिन (Bicpine) २५ पिस, एभिल ४० पिस, फेनारगन १५५ पिससहित काठमाण्डौ जिल्ला काठमाण्डौ महानगरपालिका वडा नं.३५ वालकुमारी पुलबाट पक्राउ गरी लागु औषध नियन्त्रण ब्यूरोबाट थप अनुसन्धान भैरहेको छ ।

(२) मिति २०७१।०६।३० गते जि.सप्तरी ईनरुवा फुलवारीया गा.वि.स.वडा नं.८ घर भई का.जि.का.म.न.पा.२९ कपुरधारा डेराकोठा लिई बस्ने वर्ष ४३ को राजु सरदारलाई नियन्त्रित लागु औषध बुप्रेनर्फिन एम्पुल ११० पिस, डाईजेपाम एम्पुल १६५ पिस, फेनारगन एम्पुल १४७ पिससहित का.जि.का.म.न.पा.२९ कपुरधारा स्थित निजको डेराकोठाबाट पक्राउ गरिएको छ ।

(३) मिति २०७१।६।३० गते १७:४५ वजेको समयमा Spice Jet को SG 047 को विमानद्वारा दिल्ली जान लागेका पोल्याण्ड नागरिक पासपोर्ट नं.EF 3134172 वाहक वर्ष ३२ को Grzegorz Mosek ले त्रि.अ.वि.को यात्रुहरु चेक जाँच गर्ने प्रस्थान कक्षको १ नं. स्क्रिनमा आफ्नो साथमा ल्याएको होल लगेज तथा शरीर तलासी गर्दा निजले लगाएको खैरो रंगको पाईन्टको दाहिने खल्ती भित्र सेतो प्लाष्टिकमा लुकाई राखेको अवस्थामा अवैध लागु औषध ९ (नौ) ग्राम गाँजा, काठमाण्डौ देखि दिल्ली जाने हवाई टिकट थान-१, निजको नामको पोल्याण्डबाट जारी भएको पासपोर्ट थान-१, कालो रंगको नोकिया मोवाईल थान-१ समेत बरामद गरी निज उपर थप आवश्यक अनुसन्धान यस ब्यूरोबाट भैरहेको छ ।

(४) मिति २०७१।६।२९ गते जि.मोरङ्ग बिराटनगर उ.म.न.पा.वडा नं.२१ स्थित सडकबाट तेह्रथुम जिल्ला म्याङलुङ्ग गुल्म दरबन्दी भई शसस्त्र प्रहरी वल वाहिनी पकली ईटहरीमा कार्यरत शसस्त्र प्रहरी हवल्दार वर्ष २६ को रमेश ढकाल र जिल्ला सुनसरी पकली ८ वस्ने वर्ष ४० को भुपेन्द्र चौधरीले चढी आएको मोसा.नं.को. ७ प. १७२७ नं.को फेजर मोटरसाईकल शंका लागि चेकजाँच गर्दा शसस्त्र प्रहरी हवल्दार रमेश ढकालको साथबाट स्पाम ट्याब्लेट ८ फाईल ६७ पिस, नाईट्रोजन ट्याब्लेट ७ पिस र भुपेन्द्र चौधरीको साथबाट कोरेक्स ६ पिस सहित यस ब्यूरो मातहत शाखा कार्यालय बिराटनगरले पक्राउ गरी थप आवश्यक अनुसन्धान तथा कारवाहीको लागि ई.प्र.का.रानीमा बुझाईएको छ ।

फोन नं. ४६०१०४८ /फ्याक्स नं. ४६०१९७८
ईमेल : ncbnepal@gmail.com